# सामुदायिक विद्यालयमा विद्यार्थीहरुको सहभागिता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विषय
स्नातकोत्तर तह (एम्.एड्) दोस्रो वर्षको आवश्यकता पूरा
गर्नका लागि तयार गरिएको

## शोधपत्र


शोधकर्ता

धुवप्रसाद पहाडी

क्याम्पस रोल नं.: २९/२०६४

त्रि.वि.वि. दर्ता नम्बरः १३८३-८३

दोस्रो वर्षको क्रमाङ्कः २३३०१४०/२०६८

सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली


२०६९

☎ 047-520066
त्रिभुवन विश्वविद्यालय तथा उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त
सिन्धुली बहुमुखी क्याम्पस
कमलामाई-९, सिन्धुली
Sindhuli Multiple Campus
Kamalamai-9, Sindhuli

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अर्न्तगत एम.एड. दोश्रो वर्षका विद्यार्थी ध्रुवप्रसाद पहाडीले **सामुदायिक विद्यालयमा विद्यार्थीहरुको सहभागिता** शीर्षकमा प्रस्तुत शोधपत्र मेरो निर्देशनमा रही तयार गर्नु भएको हो । निकै मेहनत र परिश्रमपूर्वक तयार पारिएको यस शोध कार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि शोध मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मितिः- २०६९/०९/२०

....................................

भागवत थापा

शोध निर्देशक

# स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली शैक्षिक योजना तथा व्यवस्थापन विभागका विद्यार्थी ध्रुवप्रसाद पहाडीले स्नातकोत्तर तहको आवश्यकता पूरा गर्ने प्रयोजनको लागि प्रस्तुत **सामुदायिक विद्यालयमा विद्यार्थीहरुको सहभागिता** शीर्षकको शोधपत्रलाई शोध मूल्याङ्कन समितिद्वारा स्वीकृत गरिएको छ ।

## शोध मूल्यांकन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भागवत थापा | शोध निर्देशक | |
| २ | श्री सारदामणि खड्का | क्याम्पस प्रमुख | |
| ३ | श्री ............................ | वाह्य परीक्षक | |

मितिः २०६९/..../......

# कृतज्ञता ज्ञापन

यस शोधपत्र शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो । यस शोधपत्रमा सम्बन्धित क्षेत्रमा गई सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुको वास्तविक सहभागिताबारे बाहिर ल्याउने प्रयास गरेको छु । शोधकार्यमा अमूल्य सहयोग तथा सुझाव प्रदान गर्नुका साथै शोधकार्यलाई खँदिलो, गहकिलो र प्रभावकारी बनाउनको लागि आवश्यक सल्लाह, सुझाव, निर्देशन तथा मार्गदर्शन गर्नुहुने सिन्धुली बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभागका शोध संयोजक एवम् उपप्राध्यापक श्री भागवत थापाज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी यस शोध अध्ययनका लागि हौसला र प्रेरणा प्रदान गर्नुहुने सिन्धुली बहुमुखी क्याम्पसका अन्य आदरणीय गुरुहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध कार्यका क्रममा आवश्यक तथ्याङ्क, सूचनाहरु उपलब्ध गराई सहयो गर्नुहुने सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति एवम् विद्यालयका प्रधानाध्यापकहरुप्रति आभार व्यक्त गर्दछु ।

यसरी नै अध्ययन क्षेत्रभित्रका विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी, शिक्षकहरुलाई उहाँहरुको सहयोगको लागि धन्यवाद दिन चाहन्छु । शोधपत्रको भाषागत शुद्धाशुद्धीका लागि सहयोग गरिदिनु हुने आदरणीय दाजु केदारप्रसाद पहाडीप्रति आभारी छु । यसका साथै मेरो अध्ययन र शोधकार्यमा प्रेरणा र हौसला प्रदान गरी यस अवस्थामा पुऱ्याउनको लागि उत्प्रेरित गर्ने मेरी धर्मपत्नी शोभा पहाडीप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । त्यसैगरी शोधपत्र तयार पार्ने क्रममा उपयुक्त वातावरण तयार गरी सहयोग गरेकोमा छोरी सीमा पहाडी र छोरा सिजन पहाडीलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रलाई समयमा नै कम्प्युटर टाइप तथा प्रिन्ट गरी आवश्यक सहयोग पुऱ्याउनु हुने ए.एस.पि.एम. कम्प्युटर सेन्टर, २ नं. बजार, सिन्धुलीका कृष्णहरि ढुङ्गेल र राधा ढुङ्गेललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधकर्ता

ध्रुवप्रसाद पहाडी

# शोधसार


सामुदायिक विद्यालयमा विद्यार्थीहरुको सहभागिता शीर्षक राखेर प्रस्तुत अध्ययन गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको सहभागिता पत्ता लगाउनु रहेको थियो ।

उपर्युक्त उद्देश्य पूरा गर्नका लागि सिन्धुली जिल्लाको श्री गौमती नमुना उच्च माधयमिक विद्यालय माडीबजार स्रोतकेन्द्रअन्तर्गतका पाँचओटा सामुदायिक प्राथमिक विद्यालयहरुलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरिएको थियो । छनोटमा परेका विद्यालयहरुको विगत तीनवर्ष (२०६६, २०६७ र २०६८) को विद्यार्थी सङ्ख्या, शिक्षक शिक्षक–विद्यार्थी अनुपात, कक्षागत विद्यार्थी सङ्ख्या, वास्तविक विद्यार्थी सङ्ख्या, समुदायका धारणाहरु, विद्यालयले विद्यार्थी भर्ना बढाउन गरिएका कार्यक्रमहरुको विश्लेषण र मूल्याङ्कन, विद्यालयको भौतिक अवस्था लगायतका पक्षहरुको अध्ययन गरिएको थियो । अध्ययनका लागि सम्बन्धित नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/पदाधिकारी, अभिभावकहरुको छनोट नमुना छनोट विधिबाट र नमुना छनोटमा परेका विद्यालयका शिक्षक तथा विद्यार्थीहरुलाई सामान्य सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको थियो । छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/पदाधिकारी, अभिभावक, शिक्षक तथा विद्यार्थीहरुसँग प्रत्यक्ष भेटी प्रश्नावली फारम भराई अवस्थाको अवलोकन गरी समूह छलफल तथा अन्तर्वार्ताद्वारा प्राथमिक स्रोत तथ्याङ्क प्राप्त गरिएको थियो । त्यसैगरी सूचनाको सहायक स्रोतको रुपमा विद्यालय निरीक्षण पुस्तिका, आगन्तुक पुस्तिका, विद्यालयको तथ्याङ्क, विद्यार्थी भर्ना रजिष्टर, लेख रचना, विद्यार्थी दैनिक हाजिरी रजिष्टर, घटना, जानकारी एवम् अभिलेखलाई लिइएको थियो ।

यसरी अध्ययनको क्रममा शैक्षिक सत्र २०६६, २०६७ र २०६८ सालको भर्ना दरलाई उपलब्ध तथ्यहरुको विश्लेषण विवरणात्मक ढङ्गबाट गरियो । यस अध्ययन गुणात्मक प्रकृतिको छ । आवश्यकतानुसार तालिकाको समेत प्रयोग गरिएको छ । यसरी व्याख्या विश्लेषण गर्दा सामुदायिक विद्यालयहरुमा तल्लो तहमा भन्दा माथिल्लो तहमा विद्यार्थी संख्या कम भएको पाइयो । भौतिक सुविधा, शिक्षकहरुको दक्षता, शिक्षक सुविधा र शिक्षकहरुको तालिम सुविधा सामुदायिक विद्यालयहरुमा राम्रो भएता पनि अभिभावकहरु

आफ्ना बालबालिकाहरुलाई अङ्ग्रेजी माध्यमद्वारा शिक्षण गराउन तिब्र चाहनाका कारण संस्थागत विद्यालयमा विद्यार्थीहरुको सहभागिता बढ्दै गएको र सामुदायिक विद्यालयमा विद्यार्थीको सहभागिता दर घट्दै गएको पाइयो । प्राप्त तथ्याङ्कको विश्लेषणबाट सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको संख्या घट्दै गएको पाइएको छ ।

शोध अनुसन्धानको लागि छनोटमा परेका पाँचओटा सामुदायिक प्राथमिक विद्यालय क्षेत्रका अभिभावकहरु आ-आफ्ना बालबालिकाहरुलाई अङ्ग्रेजी माध्यमद्वारा पढाउन चाहेको पाइयो । साथै ती विद्यालयहरुमा भर्ना हुन आउने विद्यार्थीहरुको आर्थिक अवस्था निकै नै कमजोर रहेको पाइयो । यस्ता विद्यालयबाट पाउनुपर्ने शैक्षिक गुणस्तर कमजोर हुँदै गइरहेकोले सामुदायका अभिभावकहरु सामुदायिक भन्दा संस्थागत विद्यालयप्रति आकर्षित भइरहेको अध्ययनको क्रममा पाइयो । यस समस्याको समाधानका लागि सामुदायिक विद्यालयहरुमा समयको मागलाई बुझी अङ्ग्रेजी माध्यमद्वारा शिक्षण गर्ने पद्दति लागू गर्नुपर्ने देखिन्छ । विद्यालयको वातावरणलाई स्वच्छ राख्नको लागि विद्यालयमा राजनीतिक गन्ध प्रवेश गराउनु हुँदैन र विद्यालय प्रशासनले सधैं शिक्षकहरुको मनोबल उच्च राख्न निरन्तर प्रयास गरिरहनु पर्दछ भन्ने जस्ता सुझावहरु प्रस्तुत गरिएको छ । त्यसैले यी कार्यहरु गर्न सकेको खण्डमा सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना सहभागिता बढाउन सक्ने देखिन्छ ।

## विषय सूची

पेज नं.

**परिच्छेद एक**


**१. परिचय** १

१.१ अध्ययनको पृष्ठभुमि ३

१.२ समस्याकथन ३

१.३ अध्ययनको औचित्य ४

१.४ अध्ययनको उद्देश्य ४

१.५ अनुसन्धानात्मक प्रश्नहरु ४

१.६ अध्ययनका परिसीमाहरु

परिच्छेद दुई

सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ६

२.२ सैद्धान्तिक खाका ९

२.३ शैक्षिक उपादेयता १०

परिच्छेद तीन

अध्ययन विधि

३. अध्ययन विधि १२

३.१.अनुसन्धानात्मक ढाँचा १२

३.२ जनसङ्ख्या र नमुना छनोट १२

३.३.तथ्याङ्क संकलनका स्रोत र साधनहरु १३

३.४ अध्ययन साधनको छनोट र परीक्षण १३

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया १३

३.६ तथ्याङ्कको व्याख्या एवम् विश्लेषण १३

सन्दर्भसामग्री

परिशिष्टहरु

## परिच्छेद एक

## परिचय

| विषयवस्तु | पृष्ठ सङ्ख्या |
| --- | --- |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२  समस्याको कथन | ३ |
| १.३ अध्ययनको औचित्य | ३ |
| १.४. अध्ययनको उद्देश्य | ४ |
| १.५. अनुसन्धानात्मक प्रश्नहरु | ४ |
| १.६ अध्ययनका परिसीमाहरु | ५ |

## परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

| | |
| --- | --- |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ६ |
| २.२ सैद्धान्तिक खाका | १२ |
| २.३. शैक्षिक उपादेयता | १३ |

## परिच्छेद तीन

## अध्ययन विधि

| | |
| --- | --- |
| ३.१. अनुसन्धानात्मक ढाँचा | १५ |
| ३.२. जनसङ्ख्या र नमुना छनोट | १५ |
| ३.३ तथ्याङ्क संकलनका स्रोत र साधनहरु | १६ |
| ३.४. अध्ययन साधनको छनोट र परीक्षण | १६ |
| ३.५ तथ्याङ्क संकलन प्रक्रिया | १६ |
| ३.६ तथ्यांकको व्याख्या एवम् विश्लेषण | १७ |

## परिच्छेद चार

### तथ्याङ्कको व्याख्या तथा विश्लेषण


४.१ सामुदायिक विद्यालयमा विद्यार्थीहरुको सहभागिता १८

४.१.१ शिक्षक विद्यार्थी अनुपात २९

४.१.२ शिक्षक दरवन्दी र भौतिक अवस्था ३०

४.१.३ विद्यालयको शैक्षिक स्थिति, विद्यार्थी भर्ना नीति र शिक्षक तथा कर्मचारी व्यवस्थापन ३२

४.२ सामुदायिक विद्यालयहरुमा विद्यार्थी सहभागिता कम हुनुका कारणहरु ३५

४.३ सामुदायिक विद्यालयमा विद्यार्थी सहभागिता बढाउने उपायहरु ४१


## परिच्छेद पाँच

### प्राप्तिहरु, निष्कर्ष र सुझावहरु


५.१ प्राप्ति ४५

५.२ निष्कर्ष ४६

५.३ सुझावहरु ४८

५.३.१ नीति निर्माण तह ४८

५.३.२ कार्यान्वयन तह ४९

५.३.३ अनुसन्धान तह ५०

सन्दर्भ सामग्री

अनुसूची

तालिका नं. १ विद्यार्थी भर्ना सङ्ख्या विश्लेषण श्री प्राथमिक विद्यालय बालमन्दिर शिखरटोल
तालिका नं. २ विद्यार्थी भर्ना सङ्ख्या विश्लेषण श्री प्राथमिक विद्यालय माभ्कीटार
तालिका नं. ३ विद्यार्थी भर्ना सङ्ख्या विश्लेषण श्री प्राथमिक विद्यालय फाल्चुरी खट्टार
तालिका नं. ४ विद्यार्थी भर्ना सङ्ख्या विश्लेषण श्री प्राथमिक विद्यालय शिखरपुर
तालिका नं. ५ विद्यार्थी भर्ना सङ्ख्या विश्लेषण श्री प्राथमिक विद्यालय तेर्सेखड्कुले
तालिका नं. ६ शिक्षक विद्यार्थी अनुपात
अध्ययन छनोटमा परेका विद्यालयहरुको भौतिक अवस्था विवरण
तालिका नं. ७ प्रा.वि. बालमन्दिर
तालिका नं. ८ प्रा.वि. माभ्कीटार
तालिका नं. ९ प्रा.वि. फाल्चुरी खट्टार
तालिका नं. १० प्रा.वि. तेर्से खड्कुले रानीचुरी
तालिका नं. ११ प्रा.वि. शिखरपुर रानीचुरी

# सङ्क्षिप्त शब्दावली

| | |
|---|---|
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्नमाध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| प्र.अ. | प्रधानाध्यापक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | विक्रम सम्वत |
| इ.सं. | इस्वी सम्वत |
| प्रा. | प्राध्यापक |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |
| क्षे.शि.नि. | क्षेत्रीय शिक्षा निर्देशनालय |
| प्रा.शि. | प्राथमिक शिक्षक |
| नि.मा.शि. | निम्न माध्यमिक शिक्षक |
| मा.शि. | माध्यमिक शिक्षक |
| प्र.सं. | प्रथम संस्करण |
| द्वि.सं. | द्वितीय संस्करण |
| तृ.सं. | तृतीय संस्करण |
| गा.वि.स. | गाउँ विकास समिति |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| उ.मा.शि.प. | उच्च माध्यमिक शिक्षा परिषद |
| रा.शि.प.यो | राष्ट्रिय शिक्षा पद्दति योजना |
| CDC | Curriculum Development Centre |